सम्वत २०७४ सालको ऐन नं. ०७

# कर्मचारी सेवा ऐन, २०७४

गाउँसभाबाट पारित मितिः २०७४/११/२९

**भगवतीमाई गाउँपालिका**

**दैलेख जिल्ला**

**कर्णाली प्रदेश, नेपाल**

# भगवतीमाई गाउँपालिका स्थानीय कर्मचारी सेवा ऐन, २०७४

पारित मिति :२०७४/११/२९

प्रमाणिकरण मिति : २०७४/११/२९

राजपत्रमा प्रकाशित मिति : २०७४/११/२९

**प्रस्तावना**

नेपालको संविधानको धारा ५७ उपधारा ४ तथा अनुसूची ८ को बुदा नं. ५ र स्थानिय सरकार सञ्चालन ऐन २०७४को दफा ११ (२) ङ ले दिएको अधिकार प्रयोग गरि कर्मचारि सेवा ऐन प्रदेश कानुन ले अन्य व्यवस्था नगरेसम्मका लागि स्थानीय तहको काम गर्ने जनशक्तिको प्रभावकारी व्यवस्थापन र सञ्चालन गर्ने हेतुले भगवतीमाई गाउँपालिकाले गाउँसभाबाट पारित गरि कर्मचारी सेवा ऐन २०७४ तर्जुमा गरि लागु गरीएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम भगवतीमाई गाउँपालिका कर्मचारी सेवा ऐन २०७४ रहेको छ

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**२.परिभाषा : (१)** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) ऐन भन्नाले भगवतीमाई गाउँपालिकाको स्थानीय कर्मचारी सेवा ऐन २०७४ सम्झनु पर्दछ ।

(ख) निजामती सेवा भन्नाले निजामती सेवा ऐन २०४९ को दफा ३ बमोजिम गठित सेवा सम्झनु पर्छ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले भगवतीमाई गाउँपालिका को प्रमुख प्रशासकिय अधिकृतलाई बुझिन्छ।

(घ) स्थायी पद भन्नाले निवृतिभरण पाउने र म्याद नतोकिएको निजामती सेवाको पद सम्झनु पर्दछ ।

(ङ) विषयगत शाखा भन्नाले भगवतीमाई गाउँपालिकाका विषयगत शाखालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

**३. स्थानीय सेवाको गठन** : भगवतीमाई गाउँपालिकाको स्थायी सेवाको गठन तपसिल बमोजिम हुने छ ।

(क) प्रशासन सेवाः प्रशासन, लेखा, सामाजिक सेवा

(ख) प्राविधिक सेवाः इन्जिनियरीङ, कृषि, मेडिकल, अमिन,

(ग) विविध सेवाः प्रशासनिक कार्य, सिपयूक्त कार्य दुवै तर्फ (आइटी, वातावरण, तथ्यांक, कम्प्यूटर अपरेटर....)

## परिच्छेद ३

**४. स्थानीय सेवाको तह र पद** : (१) निम्नानुसार पद र तह हुनेछन् : -

| त्ह | पद नाम |
|---|---|

| | |
|---|---|
| ८ | प्रमुख प्रशासकीय अधिकृत, निर्देशक, प्रवन्धक |
| ७ | विषयगत अधिकृत (प्राविधिक), वरिष्ठ अधिकृत |
| ६ | अधिकृत, कार्यक्रम अधिकृत |
| ५ | सहायक अधिकृत |
| ४ | प्रमुख सहायक, प्राविधिक सहायक,लेखा तथा प्रशासन सहायक |
| ३ | कार्यक्रम सहायक, विषयगत सहायक |
| २ | सहयोगी, फिल्ड असिस्टेन्ट, नगर प्रहरी |
| १ | कार्यालय सहयोगी, सवारी चालक , पलम्बर , इलेक्ट्रिसियन, चौकीदार , माली , बगैचे , सयस, |

**५.कार्य विवरण :** कार्य विवरण तुर्जमा गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहने कार्यदलले सम्वद्ध पदनामको कार्य विवरण तर्जुमा गर्ने र त्यसको अनुमोदन कार्यपालिकाबाट गर्ने ।

## ६. दरवन्दी निर्धारण

प्रमुख प्रशासकीय अधिककृतको संयोजकत्वमा बनेको कार्यदलले गाउँपालिका स्तरमा O and M सर्भे गरी गाउँ कार्यपालिकामा प्रतिबेदन पेश गर्ने र सो प्रतिवेदनको आधारमा कार्यपालिकाले स्विकृत गरी र गाउँसभाले पारित गर्नुपर्ने, वर्षमा १ पटक पूनरावलोकन गर्न सकिने । तत्काल O & M सर्बे नभईसकेको अबस्थामा यो ऐन बमोजिम बनेको संक्रमण कालिन कर्मचारी व्यवस्थापन कार्यविधि बमोजिम स्विकृत दरवन्दि अनुसार हुने ।

## ७. सेवाको प्रकृति र समयावधी

**क) स्थायीः** अधिकतम २० वर्ष, भर्ना भएपछि ५ वर्षसम्म सेवा छोड्न नपाइने

**ख) करारः** (न्यूनतम ६ महिना-अधिकतम ५ वर्ष) को लागि

**ग) आंशीकः** अधिकतम १ पटकमा १ वर्षको लागि, तलवको सट्टा पारिश्रमीक

# परिच्छेद ४

## ८. पदपूर्ति व्यवस्था, पदस्थापन र परीक्षणकाल

**१.स्थायीः** स्थानीय तहले माग गर्ने, प्रदेश लोकसेवा आयोग मार्फत छनोट हुने, गाउँपालिकाले नियूक्ति दिने ।

**२.करारः** गाऊँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गठित समितिले खुल्ला प्रतिस्पर्धा मार्फत छनोट गर्ने, छनोटका लागि आवश्यक्ता अनुसार विषय विज्ञको सहयोग लिनुपर्ने ।

**३.आंशीकः** मुकाम देखि दुर्गम र टाढाका वस्तीहरुमा स्थानीय शिक्षक वा भू.पू. सरकारी कर्मचारीलाई छनोटमा प्राथमिकता दिने, सिफारिस गर्ने र राजश्व असुलीको अख्तियारी दिने । (यसमा विश्वविद्यालयका विद्यार्थीहरुलाई पनि उपयोग गर्न सकिने ब्यवस्था गर्ने सकिने)

**४.परीक्षण कालः** स्थायीको कर्मचारीको हकमा १ वर्ष, करार कर्मचारीको हकमा ३ महिना हुने ।

## ९. समावेशी अवधारण अवलम्बन गर्नुपर्ने

पदपुर्ती गर्दा आफ्नो गाऊँपालिका भित्र रहेका जाति र समुदायको लागि (४० प्रतिशत) समावेशी संरचना अपनाउनु पर्ने । स्थायी भर्नाको अवस्थामा मात्र लागू हुने ।

## १०. प्रवेशको शैक्षिक योग्यता

| तह | योग्यता र अनुभव |
|---|---|
| प्रमुख प्र. अधिकृत, निर्देशक, प्रवन्धक | स्नातकोत्तर(१२+१०+२)+५ वर्ष |
| विषयगत अधिकृत (प्रा.), वरिष्ठ अधिकृत | स्नातकोत्तर(१२+३+२)+५ वर्ष |
| अधिकृत, कार्यक्रम अधिकृत | स्नातकोत्तर(१२+३+२)+२ वर्ष |
| सहायक अधिकृत | स्नातक (१२+३) + ३ वर्ष |
| प्रमुख सहायक, प्राविधिक सहायक | स्नातक (१२+३) + ३ वर्ष |
| कार्यक्रम सहायक, विषयगत सहायक | प्रमाण पत्र (१२) + २ वर्ष |
| सहयोगी, फिल्ड असिस्टेन्ट, नगर प्रहरी | १० कक्षा + २ वर्ष |
| कार्यालय सहयोगी, माली , पलम्बर , इलेक्ट्रोसियन , सयस , सवारी चालक, बगैचे | ८ कक्षा + स्वयंसेवी अनुभव |

अनुभवको गणना मान्यता प्राप्त निकाय वा गैससमा कार्य गरेका प्रमाण पत्रका आधारमा हुने ।

## ११. सेवा प्रवेशको तह

क)स्थायीः तह ३ र तह ६ मा मात्र खुल्लाबाट सेवा प्रवेश हुने

ख)करारः तह १, २, ४ र ७ मा मात्र भर्ना गर्न सकिने ।

ग) आंशीकः तह ३ र ५ को कार्य गर्नेगरी समयावधि सहित जिम्मा तोक्न सकिने

## १२. सेवा सुविधा

क) स्थायीः तलब + विमा + सञ्चयकोष + उपदान + पर्व भत्ता + पोशाक

ख) करारः तलब + विमा + कार्यसम्पादन प्रोत्साहन + पर्व भत्ता

ग) आंशीकः सेवा शुल्क, पारिश्रमीक

## १३. कार्यसम्पदान मूल्याङ्कन, बढुवा र पुरस्कार

| | |
|---|---|
| स्थायीः | अध्ययन, अनुभव पूरा भई र कार्यरत पदमा ८ वर्ष सेवा गरेमा १ तह वढुवा हुने । कासमुको नम्बर ४० प्रतिशत गणना गर्ने । |
| करारः | वढुवा नहुने, कार्यसम्पादन प्रोत्साहन भत्ता मात्र दिइने, तलवको अधिकतम ३० प्रतिशत सम्म । |
| आंशीकः | कार्य सम्पादन राम्रो भएमा अर्को अवधिका लागि थप गर्न सकिने । |

**१४. सपथ ग्रहण :** सवै तह र प्रकृतिका कर्मचारीले अध्यक्ष समक्ष सपथ ग्रहण गर्नुपर्ने ।

१५. तलव भत्ता, अन्य सुविधा, विदा, संचय कोष, उपदान, कार्य सम्पादन प्रोत्साहन

**विदाः** वर्षमा १८ दिन भैपरी विदा १२ दिन विरामी विदा, २० दिन घर विदा

उपदानः प्रति वर्ष १ महिनाको तलव

**१६. अध्ययन, तालिम वा अवलोकन भ्रमणः** वर्षमा १ पटक भन्दा वढी वाहिरको अध्ययन वा भ्रमण अवसर आएमा १ जना दोहोरिन नपाइने

**१७.जिम्मेवारी नदिई राख्न नहुने :** स्थायी र करारमा रहेका कर्मचारीलाई कुनै शाखा, एकाई वा वडा कार्यालयहरुमा काममा लगाउनु पर्नेछ । यसको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुने छ ।

**१८.सम्पति विवरण दर्ता गर्नुपर्ने :** आफ्नो र एकाघरका परिवारका सदस्यहरुको नाममा रहेको सम्पत्ति विवरण गाउँपालिका समक्षा दर्ता गर्नुपर्ने ।

**१९.राजनीतिमा र निजी ब्यापारमा भाग लिन नहुने :** कुनैपनि राजनैतिक दल वा भातृ संगठनको सदस्य हुन नहुने, भएमा कार्यसम्पादन मूल्यांकन रोक्का गर्न सकिने । कुनै कम्पनी वा ब्यापारीक संस्थाको सेयरहोल्डर बन्न नहुने ।

**२०. प्रमुख प्रशासकीय अधिकृत :** यसै कानुन वमोजिम नियूक्ति गरिने, स्नातकोत्तर गरी विकासका क्षेत्रमा १० वर्षको अनुभव भएको नेपाली नागरीकलाई वढीमा ४ वर्षका लागि प्रमुख प्रशासकीय अधिकृतको रुपमा करारमा भर्ना गर्न सकिने । अर्को ६ महिना म्याद थप्न सकिने, तलव सुविधा तह ८ सरह हुने ।

## परिच्छेद ५

**२१. खारेजी र वचाउँ :** माथि उल्लेख गरिएका वाहेक विषयमा प्रचलित कानुन वमोजिम हुने ।

## परिच्छेद ६

## २२. संक्रमणकालीन ब्यवस्था

गाउँपालिकाले निर्धारण गरेको दरवन्दीमा नेपाल सरकारबाट खटि आएका कर्मचारीहरुलाई समायोजन गर्ने, निर्धारित दरबन्दीमा कोही नआएको खण्डमा कार्यपालिकाले आवश्यकता ठानेमा करारमा १ वर्षका लागि भर्ना गर्न सकिने । प्रमुख प्रशासकीय अधिकृतको नियूक्ति अर्को ब्यवस्था नभए सम्मका लागि नेपाल सरकारबाट खटिइ आएका कर्मचारीबाट कामकाज गर्ने गराउने ।